नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

## नवप्रवर्तन शुरुवाती पूँजी अनुदान कार्यविधि, २०७६

नवीनतम ज्ञान, सीप र क्षमता भएका आविष्कारकर्ता, उद्यमी, व्यवसायी व्यक्ति वा संस्थालाई त्यस्तो उद्यम तथा व्यवसाय सञ्चालन गर्नको लागि शुरुवाती पूँजीको रूपमा अनुदान उपलब्ध गराउने सम्बन्धी कामकारबाहीलाई सरल, स्पष्ट र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०७६ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "नवप्रवर्तन शुरुवाती पूँजी अनुदान कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले नवप्रवर्तनीय कार्यको लागि दफा ९ बमोजिम शुरुवाती पूँजीको रूपमा प्रदान गरिने अनुदान सम्झनु पर्छ।

(ख) "आविष्कारकर्ता" भन्नाले स्वःअध्ययन तथा अनुसन्धानबाट सार्वजनिक हितका लागि कुनै वस्तु वा सेवाको आविष्कार गर्ने व्यक्ति सम्झनु पर्छ।

(ग) "उद्यमी वा व्यवसायी" भन्नाले नवप्रवर्तनीय कार्य वा उद्यमशील क्षमताको उपयोग गरी व्यावसायिक रूपमा वस्तु वा सेवाको उत्पादन तथा वितरण गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्य गर्ने संस्थालाई समेत जनाउँछ ।

(ङ) "नवप्रवर्तनीय कार्य" भन्नाले नयाँ प्रविधिको माध्यमबाट कम समय, कम लागत तथा कम स्रोतको महत्तम उपयोग गरी उच्च गुणस्तरको आविष्कार तथा प्रणालीको विकास गर्ने स्वःउद्यमजन्य कार्य सम्झनु पर्छ।

(च) "बैङ्क तथा वित्तीय संस्था" भन्नाले प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैङ्कबाट इजाजतपत्र प्राप्त बैङ्क तथा वित्तीय संस्था सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ३ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

३. **निर्देशक समितिको गठन** : (१) अनुदान वितरण सम्बन्धी कामकारबाहीलाई व्यवस्थित गर्न देहाय बमोजिमका संयोजक र सदस्य रहेको एक निर्देशक समितिको गठन गरिएको छ :-

| | | |
|---|---|---|
| (क) | राष्ट्रिय योजना आयोगको उपाध्यक्षले तोकेको सो आयोगको सदस्य | -संयोजक |
| (ख) | सहसचिव, मन्त्रालय | -सदस्य |

(ग) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(घ) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(ङ) सहसचिव, राष्ट्रिय योजना आयोगको सचिवालय -सदस्य-सचिव

(२) समितिको सचिवालय राष्ट्रिय योजना आयोगको सचिवालयमा रहनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सूचना प्रविधि, कृषि, उर्जा, स्वास्थ्य सेवा, पर्यटन, प्रविधि विकास, रोजगारी सिर्जना गर्ने जस्ता नवप्रवर्तनीय ज्ञान, सीप र क्षमता भएका आविष्कारकर्ता, नवप्रवर्तनीय ज्ञान, सीप र क्षमताबाट उल्लिखित विषयसँग सम्बन्धित कुनै वस्तु वा सेवाको आविष्कार, उत्पादन वा व्यवसाय गर्नको लागि आवश्यक लगानीयोग्य पूँजी जुटाउन नसकेका लघु, घरेलु साना तथा मझौला उद्यमी वा व्यवसायीलाई त्यस्तो नवप्रवर्तनीय कार्यको लागि अनुदान प्रदान गर्न प्रस्ताव आह्वान गर्ने,

(ख) खण्ड (क) बमोजिम प्राप्त प्रस्तावको छनौट गर्ने मापदण्ड तथा विधि निर्धारण गर्ने,

(ग) अनुदानको लागि छनौट भएका प्रस्ताव पेश गर्ने व्यक्ति वा संस्थालाई अनुदान रकम उपलब्ध गराउने सम्बन्धी मापदण्ड तयार गर्ने, अनुदान रकमको सीमा, अनुदान दिने प्रस्तावको सङ्ख्या एवं अन्य शर्त निर्धारण गर्ने,

(घ) अनुदान प्राप्त गर्ने आविष्कारकर्ता, उद्यमी, व्यवसायी व्यक्ति वा संस्थाको अनुगमन तथा मूल्याङ्कनको आधार तोक्ने,

(ङ) अनुदान प्राप्त गर्ने आविष्कारकर्ता, उद्यमी, व्यवसायी व्यक्ति वा संस्थाको अनुगमन गर्ने तथा त्यस्तो कार्यको प्रगतिको स्थिति र प्राप्त उपलब्धिको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी प्रकाशित गर्ने,

(च) नवप्रवर्तनीय ज्ञान, सीप र क्षमता भएका प्रतिभाशाली व्यक्ति तथा संस्थालाई प्रोत्साहित गर्न आवश्यक अन्य कार्य गर्ने।

५. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक संयोजकको सहमतिमा सदस्य-सचिवले बोलाउनेछ।

(३) समितिको बैठक बस्नुभन्दा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकको कार्यसूचीसहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ।

(४) समितिको कुल सदस्य सङ्ख्याको बहुमत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थिति भएमा समितिको वरिष्ठ सदस्यले गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएको अवस्थामा संयोजकले निर्णायक मत दिनेछ।

(७) समितिले आवश्यकता अनुसार नेपाल सरकारका कुनै पदाधिकारी, कर्मचारी वा अन्य विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नु पर्नेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. **प्रस्ताव आह्वान गर्ने** : (१) समितिले नवप्रवर्तनीय कार्यको लागि शुरुवाती पूँजी जुटाउन नसकेका आविष्कारकर्ता, उद्यमी वा व्यवसायी व्यक्ति वा संस्थालाई आफूले गर्न खोजेको सूचना प्रविधि, कृषि, उर्जा, स्वास्थ्य सेवा, पर्यटन, प्रविधि विकास, रोजगारी सिर्जना जस्ता नवप्रवर्तनीय कार्यमा लगानी गर्ने प्रयोजनको लागि अनुदान माग गरी प्रस्ताव पेश गर्न कम्तीमा दुईवटा राष्ट्रियस्तरका दैनिक पत्रिकामा सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान गरेको सूचना समितिले राष्ट्रिय योजना आयोगको वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ।

७. **प्रस्ताव पेश गर्न सक्ने** : (१) दफा ६ बमोजिम प्रकाशित सूचना अनुसार नवप्रवर्तनीय कार्यको लागि अनुदान प्राप्त गर्न चाहने आविष्कारकर्ता, उद्यमी वा व्यवसायी व्यक्ति वा संस्थाले आफूले गर्न खोजेको नवप्रवर्तनीय कार्य, त्यसको जोखिम, सम्भावित प्रतिफल, आवश्यक पर्ने रकम, नेपाल सरकारबाट अपेक्षा गरिएको अनुदान रकम, त्यसबाट अर्थतन्त्रमा पर्न सक्ने सकारात्मक प्रभाव लगायतका विषय उल्लेख गरी सोही सूचनामा तोकिएको अवधिभित्र समिति समक्ष प्रस्ताव पेश गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम प्रस्तावसाथ पेश गर्नुपर्ने विवरण तथा कागजात र प्रस्तावको ढाँचा समितिले तोके बमोजिम हुनेछ।

(३) समितिले उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र प्राप्त प्रस्ताव तीस दिनभित्र मूल्याङ्कन गरी उपयुक्त प्रस्तावको छनौट गर्न दफा ८ बमोजिमको उपसमिति समक्ष पठाउनु पर्नेछ।

८. **प्रस्ताव छनौट गर्ने** : (१) दफा ७ बमोजिम प्राप्त भएका प्रस्तावको मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव छनौट गर्न समितिले देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन उपसमिति गठन गर्नेछ :-

(क) समितिको संयोजकले तोकेको समितिको सदस्यमध्ये एक जना -संयोजक

(ख) प्रस्तावसँग सम्बन्धित विषय विज्ञहरूमध्येबाट संयोजकले तोकेको

एक जना - सदस्य

(ग) प्रस्तावसँग सम्बन्धित नेपाल सरकारको मन्त्रालयको सहसचिव -सदस्य

(२) उपदफा (१) बमोजिमको उपसमितिले प्राप्त प्रस्तावहरूको मूल्याङ्कन गर्दा समितिले निर्धारण गरेको मापदण्ड र देहायका विषयहरूलाई आधार मान्नु पर्नेछ :-

(क) प्रस्तावको विषयवस्तु, सो को कार्यान्वयनबाट प्राप्त हुने उपलब्धि र प्रभाव,

(ख) नवप्रवर्तन हुने अवस्था र यसबाट उत्पन्न हुन सक्ने जोखिम,

(ग) प्रस्ताव कार्यान्वयन गर्न लाग्ने लागत,

(घ) उद्यमी आफैंले लगानी गर्न चाहेको पूँजीको अनुपात,

(ङ) प्रस्तावकको योग्यता, प्रस्ताव कार्यान्वयन गर्ने क्षमता एवं संयन्त्र,

(च) प्रस्तावित कार्यक्रमको तयारी स्थिति,

(छ) समितिले आवश्यक ठानेका अन्य विषय ।

(३) उपसमितिले प्रस्ताव प्राप्त भएको तीस दिनभित्र उपदफा (२) बमोजिमको आधारमा मूल्याङ्कन गर्दा उपयुक्त देखिएका प्रस्तावहरूको छनौट गरी सो को जानकारी प्रस्तावसहितको सिफारिश समितिमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रस्तावसहितको सिफारिस उपयुक्त देखिएमा समितिले तीन दिनभित्र सम्बन्धित प्रस्तावकलाई जानकारी दिई सो को सूचना मन्त्रालय र राष्ट्रिय योजना आयोगको वेबसाइट मार्फत समेत सार्वजनिक गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम छनौट गरिने प्रस्तावको सङ्ख्या समितिले निर्धारण गरे बमोजिम हुनेछ।

९. <u>अनुदान प्रदान गरिने</u> : (१) दफा ८ बमोजिम छनौट गरिएको प्रस्ताव बमोजिमको नवप्रवर्तनीय कार्य सञ्चालनको लागि प्रत्येक आर्थिक वर्षमा विनियोजन भएको रकमबाट शुरुवाती पूँजीको रूपमा लगानी हुने प्रस्तावको लागत तथा त्यसबाट प्रभावको आधारमा कुल लागतको बढीमा पचास प्रतिशतसम्ममा नबढ्ने गरी अधिकतम पचास लाख रुपैयाँ रकम मन्त्रालयले अनुदानको रूपमा प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुदान प्रदान गर्दा दफा ८ बमोजिम छनौटमा परेका सम्बन्धित आविष्कारकर्ता, उद्यमी वा व्यवसायी व्यक्ति वा संस्थासँग प्रस्ताव कार्यान्वयन गर्ने अवधि लगायतका अन्य विषयमा समितिले आवश्यक सम्झौता गर्नेछ।

(३) उपदफा (२) बमोजिम सम्झौता गरेपछि समितिले सो बमोजिम सम्बन्धित आविष्कारकर्ता, उद्यमी वा व्यवसायी व्यक्ति वा संस्थालाई अनुदान प्रदान गर्न त्यस्तो सम्झौताको प्रतिसहित मन्त्रालय र सम्बन्धित विषयगत मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा मन्त्रालयले सम्झौता अनुसारको अनुदान रकम सम्झौतामा तोकिएको बैङ्क तथा वित्तीय संस्था मार्फत सम्झौता अनुसारको रकम मध्ये पहिलो किस्ता

स्वीकृत भएको कार्य प्रारम्भ गरेपछि, दोस्रो किस्ता कार्य प्रगतिको आधारमा र अन्तिम किस्ता कार्यसम्पन्न भएपछि उपलब्ध गराइनेछ। यसरी उपलब्ध गराइएको अनुदान रकम स्वीकृत कार्यक्रममा प्रयोग भएको नदेखिएमा अनुदान बापत प्रदान गरिएको रकम सरकारी बाँकीसरह असुलउपर गरिनेछ।

(५) यस कार्यविधि बमोजिम अनुदान प्रदान गर्ने प्रक्रिया, सो को प्राप्ति, भुक्तान विधि, अवधि तथा आविष्कारकर्ता, उद्यमी वा व्यवसायी व्यक्ति वा संस्था र बैङ्क तथा वित्तीय संस्थाले पालना गर्नु पर्ने शर्त सम्बन्धी व्यवस्था उपदफा (२) बमोजिमको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(६) आविष्कारकर्ता, उद्यमी वा व्यवसायी व्यक्ति वा संस्थाले अनुदान बापत प्राप्त रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ।

(७) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने आविष्कारकर्ता, उद्यमी वा व्यवसायी व्यक्ति वा संस्था प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर प्रमाणपत्र लिएको र कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको हुनु पर्नेछ।

१०. **<u>अनुगमन गर्ने</u>** : (१) अनुदानबाट सञ्चालित नवप्रवर्तनीय कार्य नियमित रूपमा सञ्चालन भए, नभएको सम्बन्धमा समिति र सम्बन्धित विषयगत मन्त्रालयले समय-समयमा अनुगमन गर्न वा गराउन सक्नेछ। यसरी विषयगत मन्त्रालयले अनुगमन गरेको प्रतिवेदन समिति समक्ष सात दिनभित्र पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समिति, सम्बन्धित विषयगत मन्त्रालयले अनुगमन गर्दा सो कार्यमा सहयोग गर्नु सम्बन्धित अनुदान प्राप्त गर्ने आविष्कारकर्ता, उद्यमी वा व्यवसायी व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा, गराउँदा यस कार्यविधि विपरीत हुने गरी कुनै काम गरे, गराएको पाइएमा समितिले निश्चित समयावधि तोकी त्यस्तो कार्यमा सुधार गर्न सम्बन्धित आविष्कारकर्ता, उद्यमी वा व्यवसायी व्यक्ति वा संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन बमोजिम निर्धारित समयावधिभित्र आवश्यक सुधार भएको नपाइएमा समितिले त्यस्तो आविष्कारकर्ता, उद्यमी वा व्यवसायी व्यक्ति वा संस्थालाई निजले पाएको अनुदान प्रचलित कानून बमोजिम ब्याजसहित फिर्ता गर्न निर्देशन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम निर्देशन दिँदा त्यस्तो अनुदान रकम फिर्ता नगरेमा सो रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

११. **<u>प्रतिवेदन पेश गर्नुपर्ने</u>** : (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने आविष्कारकर्ता, उद्यमी वा व्यवसायी व्यक्ति वा संस्थाले प्रत्येक चौमासिक अवधिमा आफूले गरेको कामकारबाहीको प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) समितिले यस कार्यविधि बमोजिम अनुदान प्रदान गरिएका नवप्रवर्तनीय कार्यको प्रगतिको अवस्था र सोबाट प्राप्त उपलब्धि स्पष्ट खुलाई वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१२. <u>गुनासो सम्बन्धी व्यवस्था</u> : (१) यस कार्यविधि बमोजिम सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले अनुदान प्रवाह नगरेको वा अनुदान प्राप्त गर्ने आविष्कारकर्ता, उद्यमी वा व्यवसायी व्यक्ति वा संस्थाले अनुदान सुविधा नपाएको सम्बन्धमा सम्बन्धित आविष्कारकर्ता, उद्यमी, व्यवसायी व्यक्ति वा संस्थाले समिति समक्ष लिखित वा मौखिक गुनासो गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै गुनासो प्राप्त भएमा त्यस्तो गुनासो सम्बोधन गर्न समितिले सम्बन्धित बैङ्क वा वित्तीय संस्थालाई आवश्यक निर्देशन दिनु पर्नेछ।

१३. <u>फारम तथा ढाँचा सम्बन्धी व्यवस्था</u> : यस कार्यविधि बमोजिम अनुदान प्रदान गर्दा प्रयोग हुने अन्य आवश्यक फारम तथा ढाँचा नेपाल राष्ट्र बैङ्कसँगको समन्वयमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले तोके बमोजिम हुनेछ।

१४. <u>बाधा अड्काउ फुकाउनेः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

